रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
५ नं प्रदेश, नेपाल

प.स. ०७७/७८
च.नं. ९६६

मितिः २०७७/०५/२९

## कृषि उपज संकलन केन्द्रको सटर भाडामा लगाउने सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मिति : २०७७/०५/२९

यस रामपुर नगरपालिका द्वारा वडा न. ५ बेझाडमा (नगरपालिका परिसरभित्र) निर्माण गरिएको कृषि उपज संकलन केन्द्र भवनको सटरहरु आ.व. २०७७/०७८ को लागि भाडामा लगाउने भनी नगरकार्यपालिकाको मिति २०७७/०५/०१ गते बसेको बैठकको निर्णय अनुसार तपसिल अनुसारको विवरण र सर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्र (मिति २०७७/०६/०२ गते, कार्यालय समयभित्र) रितपूर्वकको निवेदन यस नगरपालिकाको कृषि शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क.सं | स्थान | न्यूनतम रकम | सटर संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | रामपुर न.पा.-५, बेझाड | प्रति सटर रु ५०००/- (मासिक) | ८ (आठ) | बोलकबोल बढाबढ |

शर्तहरुः

१) भाडामा लिन चाहने इच्छुक व्यक्ति/संस्थाले रु. ३०० (अक्षेरुपी तिन सय) दस्तुर तिरी यस कार्यालयबाट आवेदन खरिद गर्नसक्नेछ । आवेदन साथ व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तथा संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र, PAN/VAT प्रमाणपत्र, आ.व. २०७६/२०७७ को करचुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणपत्र साथै आफूले कबोल गरेको कुल अंकको ५% रकम यस नगरपालिकाको कृषि विकास बैंक, रामपुर शाखामा रहेको धरौटी खाता नं. ०४१५८००९३९३४२२१६ मा जम्मा गरेको बैंक भौचर समेत संलग्न गरी सिलबन्दी खाम पेश गर्नुपर्नेछ ।

२) आवेदन साथ व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तथा संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र, PAN/VAT प्रमाणपत्र, आ.व. २०७६/२०७७ को करचुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणपत्र खाममा सिलबन्दी गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

३) सम्पूर्ण सटरहरु एकमुष्ट रुपमा आवेदन गरी सकार गर्नेलाई भाडामा ५ प्रतिशत रकम छुट गरिनेछ तर सो को लागि भाडा रकम एकमुष्ट रुपमा बुझाउनुपर्नेछ ।

४) उक्त सटरहरुको प्रयोग कृषिजन्य उपजहरु जस्तै तरकारी, फलफुल, मासुमाछा, दुधजन्य पदार्थहरुको संकलन तथा बिक्री वितरण बाहेक अन्य प्रयोजनमा वन्देज छ।

५) दर्ता भएका आवेदनहरु ८ औं दिनको अपरान्ह २:०० बजे कार्यालयका प्रतिनिधि र आवेदकको रोहवरमा शिलबन्दी खोलिनेछ । आवेदकको अनुपस्थिति भएमा पनि यस कार्यालयलाई शिलबन्दी खोल्न बाधा पर्ने छैन । शिलबन्दी खोलिने मितिमा सार्वजनिक बिदा परेमा सो कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६) आवेदन स्वीकृत भएको आवेदकले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ३ दिन भित्र आफुले कबोल गरेको भाडा रकमको ७० प्रतिशत रकमसहित सम्झौता गर्न आउनुपर्नेछ । बाँकी ३० प्रतिशत रकम चैत्र मसान्त सम्म बुझाउनुपर्ने छ ।

७) शिलबन्दी आवेदन स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

८) सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु सम्झौता र प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारीको लागि कृषि शाखा प्रमुख श्री रामहरी पाण्डे (सम्पर्क नं. ९८५७०६८१६६) तथा कृषि प्राविधिक श्री प्रज्वल के.सी. (सम्पर्क नं. ९८६७८५७५३५) लाई सम्पर्क गर्नुहुनसमेत अनुरोध छ ।

कृषिराम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner